नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

चामे, मनाङ

फ्याक्स नं. ०६६-४४०१३९
फोन नं. ०६६-४४०१३३
email: manangcdo2017@gmail.com
manang_cdo@yahoo.com

प.सं.: ०७६/०७७
च.नं. ३६६

मितिः २०७६/११/२३

## जनहितमा जारी सुचना ।

छिमेकी मित्र राष्ट्र चीन हुँदै विश्वभर महामारीको रुपमा फैलिदै गएको कोरोना भाईरस Coronavirus (COVID-19) बाट नेपाल उच्च जोखिममा रहेको भनी विश्व स्वास्थ्य संगठनबाट प्रतिक्रिया व्यक्त भएको साथै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत विभिन्न सभा, सम्मेलन, मेला र महोत्सव जस्ता अत्याधिक मानिसहरुको जमघट हुने कार्यक्रमहरु आयोजना नगर्न अनुरोध गरेको अवस्था छ ।यसै अनुरुप यस जिल्लामा पनि उक्त रोगको संक्रमणबाट सुरक्षित रहन एवं बच्न निम्न उपायहरु अवलम्बन गर्न जिल्ला प्रशासन कार्यालय मनाङले सर्वसाधरणको हितका लागि सवैमा अनुरोध गर्दछ ।

१) धेरै मानिसहरु जम्मा भई गरिने सभा, समारोह, मेला पर्व (होली), महोत्सव लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनुहुन ।

२) कोरोना भाईरसबाट बच्न नियमितरुपमा साबुन पानीले हात धुने, अनावश्यक भिडमा नजाने, खोक्दा वा हाछ्युँ गर्दा नाक मुख ढाक्ने एवं व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

३) निरन्तर रुघा खोकी, ज्वरोको संक्रमण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य परिक्षण गर्नु गराउनु हुन ।

४) कोरोना भाईरसको जोखिम न्यूनिकरणको लागि सवै नागरिकहरु सचेत रहन एंव अरुलाई पनि सुरक्षाका उपायहरु बारे बताई सहयोग गर्नुहुन ।

५) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सम्बद्ध निकायहरुबाट जारी भएका र हुने स्वास्थ्यसँग सम्बन्धित सूचना तथा निर्देशनहरु पालना गर्नुहुन ।

(शारदा चालिसे)
सहायक प्रमुख जिल्ला अधिकारी